# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
प्रदेश नं. १ नेपाल

प.सं.: ०७६/०७७
च.नं.: ४४२

मिति: २०७६/०६/२८

श्री वडा कार्यालयहरु सबै,
रतुवामाई नगरपालिका , मोरङ ।

विषय: बेरोजगार सुचिकृत फारम पूर्ण रुपमा भर्ने सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ बमोजिम बेरोजगार व्यक्तिको रुपमा सुचिकृत भइ न्युनतम रोजगारीमा संलग्न हुन इच्छुक व्यक्तिहरुको लगत संकलन गर्ने कार्य गत आ.व २०७५/७६ को चैत्र र वैशाखमा भएको व्यहोरा यहाँलाई अवगत नै छ ।

सो सम्पुर्ण विवरणहरु यस वर्ष रोजगार व्यवस्थापन सूचना प्रणली (EMIS) मा दर्ता (Entry) गर्नुपर्ने भएकोले तर फारममा उल्लेखित सम्पूर्ण विवरण नभएमा software ले accept नगर्ने भएकोले यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा धेरै जसो निवेदकहरुले आवश्यक विवरणहरु नभरेको पाईएकाले मिति २०७६/०७/२० गते भित्र सम्पूर्ण फारम भर्नुहुने बेरोजगार व्यक्तिहरुले आफ्नो आवेदनमा भएका तपसिल बमोजिमका अपुग विवरणहरु समयमानै रोजगार सेवा केन्द्रमा गई पुर्ण रुपमा भराउनु हुन सरोकारवाला सबैलाई सुचित गरिन्छ । साथै आवेदनहरु पूर्ण रुपमा नभरिएको खण्डमा रोजगार व्यवस्थापन सूचना प्रणली (EMIS) मा अनलाईन दर्ता नहुने र सो फारम भरेका बेरोजगार व्यक्तिहरु स्वत: रुपमा बेरोजगर सुचिबाट हट्ने भएकाले त्यसको जवाफदेहिता सम्बन्धित बेरोजगार व्यक्तिले नै लिनु पर्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. पारिवारिक विवरण : सम्पूर्ण परिवारका सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नम्वर र जारी मिति ।
२. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप दक्षता, रोजगारीको अवस्था ।
३. निवेदकको फोटो , नागरिकताको प्रतिलिपी ।
४. स्थायी वासस्थान खुल्ने आवश्यक कागजातको फोटोकपी : नागरीकता, वसाईसराइ, विवाह दर्ता ।
५. कुल वार्षिक पारिवारिक आम्दानी , परिवारका कुनै पनि सदस्यले सामाजिक सुरक्षा भत्ता तथा अन्य (पेन्सन) सुविधा पाए/नपाएको र काम गर्ने समय अनिवार्य रुपमा भर्नुपर्ने ।
६. रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार)को अवस्था अनिवार्य रुपमा भर्नुपर्ने छ ।
७. निवेदकको सम्पर्क नम्वर, कामको अनुभव आदि अन्य विवरण ।

२०७६/६/२८

.............................
राजेन्द्र भट्टराई
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत